# शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तलकोट, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय संकलनतर्फको बोलपत्र अव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०४/९ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १(ग) ले दिएको अधिकार प्रयोग गरी यस शिखर नगर कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७६/०७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, यस कार्यालयको वेभ साईट www.shikharmun.gov.np तथा कार्यालय समय भित्र शिखर नगरकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ

**ढुंगा, गिट्टि, बालुवा, ग्राभेल आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदी/खोलाहरुको विवरण | न्यूनतम ठेक अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर | धरौटी | सूचनाको अवधी |
|---|---|---|---|---|---|
| १–०७६/७७ | सेती नदी (बान्डुङ्ग्रीसैन देखि समूहगाड सम्म) | रु. ४६२३८६८.२८- (छयालिस लाख तेईस हजार आठ सय अठसठ्ठी पैसा अठ्ठाईस मात्र) | रु.३,०००।- | कबोल अंकको ५% | १५ दिन |

क. शर्तहरु :

१. ठेक्का अवधी २०७६ सालको भाद्र १ गते देखी २०७७ सालको ज्येष्ठ मसान्त सम्म हुनेछ ।

२.यो सूचनामा प्रकाशित गरिएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र शिखर नगरपालिकाको कार्यालय, तलकोट, डोटीबाट खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्रहरु १६ औं दिन अपरान्ह १२:०० बजे भित्र नगरकार्यपालिकाको कार्यालय, तल्कोटमा दर्ता गर्नुपर्ने छ ।

३. बोलपत्र दाताले खामको बाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नगरिक भए १०.प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापत यस शिखर.न.पा कार्यालय, तलकोट, डोटीको नाममा रहेको एभरेष्ट बैंक शिखर शाखा स्थित धरौटी खाता नं. ग. ३ ०६६००१०६२००००२ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकबाट जारी भएको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सिलबन्दि बोलपत्र फाराम पेश गरेको हुनुपर्नेछ ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाउन सकिनेछ ।यदि अग्रिम रुपमा बझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन । बोलपत्र खरिद गर्दा नियामानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको एभरेष्ट बैंक शिखर शाखामा रहेको खाता नं. ०६६०१०६२००००१ ग राजश्व शाखामा रकम दाखिला गरेको रसीद पेश गर्नुपर्ने छ ।

७. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संसोधन हुने छैनन् ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी वालाको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहितको बोलपत्र स्विकार्य हुने छैन ।

१०. ठेकेदारले नेपाल सरकार तथा यस नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११.बुँदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्म शिखर नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अङ्कको ३०% ले हुन आउने रकम |
| दोस्रो | २०७६ साल माघ मसान्त भित्र | कबोल अङ्कको ४०% ले हुन आउने रकम |
| तेस्रो | २०७७ बैशाष मसान्त भित्र | कबोल अङ्कको बाँकी ३०% ले हुन आउने रकम |

१३. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१४. प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

१५. नगरपालिका कार्यालयले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि नगपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन।

१८. ठेकेदारले नगरपालिका कार्यालयको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ।

१९. नगरपालिका कार्यालयसंग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE नभएको स्थानबाट ढुङ्गा, गिटी, बालुवा , ग्रावेल, भरान, माटो संकलन उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ।

२०. ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी भरान माटो झिक्नु पर्ने घाटगद्दी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ। ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान माटो लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्विकृति लिने कार्य स्वंय ठेकेदारले नै गर्नुपर्नेछ।

२१. नदीको किनारबाट भु क्षय हुने गरी डिल भिर भित्तो खन्न खोरस गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान निकाल्न रोक लगाउनु पर्नेछ। त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानी साधानहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ।

२२.राजमार्गको र पुलको उत्तर-दक्षिण ५०० मिटर भित्र ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान माटो आदी निकाल्न नियमानुसार रोक लागेको हुनाले उक्त स्थानबाट नदीजन्य पदार्थ संकलन/उत्खनन गर्न पाईने छैन।

२३.नदी खोलाको घाट वा आकृति बिग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन। साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान माटो झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिएर मात्र घाटगद्दी स्थल तोकेर प्रयोग गर्न पाईनेछ।

२४. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ। साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, भरान माटो छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ।

२५. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ।

२६. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ।

२७. ठेकेदारले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ।

२८. ठेकेदारले नदी जन्य पदार्थ संकलन उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ र कर संकलन गर्ने दर देहाय अनुसार नगर सभाले निधारण गरे अनुसार हुनेछ।
*देहाय :*

*आ.व. २०७६/०७७ का लागि स्वीकृत प्राकृतिक साधन उपयोग कर*

| सि.न. | विवरण | स्वकृित करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | गिटी ढुंगा, बालुवा (प्रति ट्रक, टिप्पर) | १२०० | |
| २ | गिटी ढुंगा, बालुवा (प्रति मिनी ट्रक, टिप्पर) | ६०० | |
| ३ | गिटी ढुंगा, बालुवा (प्रति ट्याक्टर) | ४०० | |
| ४ | कालीमाटी र रातो माटो (ट्रक) | ४०० | |
| ५ | कालीमाटी र रातो माटो (प्रति मिनी ट्रक ट्याक्टर) | २०० | |
| ६ | कालीमाटी र रातो माटो (पावर टिलर) | १०० | |

२९. खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ।

३०. नेपाल सरकारले बिक्रि कर छुटका लागि गरेका निर्णय बाहेक यस शिखर नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदी जन्य पदार्थ संकलन/उत्खनन गरे वापत नगरपालिकाको प्राकृतिक श्रोत कर सबैले तिर्नुपर्नेछ। कसैले नगरपालिकाको प्राकृतिक श्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ।

३१. नगरपालिकाबाट गरिएको IEE मा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाटगद्धी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ।

३२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन्।

३३. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार शिखर नगरपालिकामा सुरक्षित रहनेछ।

३४. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

शिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय तल्कोट,डोटी सुदुरपश्चिम प्रदेश,नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत